# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:-२०७८/०७९
च.नं.:-

मितिः-२०७९।०३।०१

सूचना प्रकाशित मिति २०७९।०३।०१ गते

## पशु हाट वजार ठेक्का लगाउने सूचना

जलेश्वर न.पा.वा.नं. १ स्थित बरुणसर पोखरीको डिलमा लाग्ने सोमवार तथा विहिवारका दिन लाग्ने पशु हाट वजार सेवा शुल्क संकलन गर्न आ.व.२०७८।०७९ को २०७९ साल श्रावण १ गते देखि २०७९/०८० को २०८० साल अषाढ मसान्त सम्मको लागि ठेक्का वन्दोवस्त गनुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धीत सवैमा जानकारीको लागि यो प्रथम पटक १५( पन्द्र) दिने सूचना प्रकाशित गरिएको छ ।

## पशु हाट बजार सेबा शुल्क दरवन्दी :-

(क) बाखा, खसी, भेडा, बोका आदि विक्रि गर्ने संग सैकडा रु. १।-
(ख) बाखा, खसी, भेडा, बोका आदि खरिद गर्ने संग सैकडा रु. १।-

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको र फर्म , संघ ,संस्थाको हकमा २०७९ साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपि र टिकट वापत रु.१०।- को नगद नोट साथ निवेदन तथा पछि फिर्ता नहुनेगरी पशु हाट बजार को फारम दस्तुर वापत रु.३,०००।-बुझाई यो सुचना प्रकाशित मिति देखि १५ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर शाखावाट वोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३ यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन वाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वतः बदर हुनेछ ।

४. धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहको धरौटी खाता नं.१२७०१००३०३००००३ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्र साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक बाट जारी भएको वोल कवोल जमानी पत्र सिलबन्दी वालेपत्र साथ संलग्न गर्नु पर्ने छ र धरौटी वापतको नगद रकमलाई मान्यता दिईनेछैन ।

५. व्यक्ति फर्म वा संस्थाको नामवाट खरिद भएको बोलपत्र अरु व्यक्ति , फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वतः बदर हुनेछ ।

अधिकृत छैठ

टेलिफोनः :०४४-५२०१४३ फ्याक्सः०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np

निमित्त प्रमुख प्रशासकीय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी ,मधेश प्रदेश

पत्र संख्या:-२०७८/०७९
च.नं.:-

मितिः-२०७९।०३।०१

६.शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि १६ औ दिन को १:०० बजे यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्रहरु १६ औ दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

७. ठेक्का स्वीकृत भएपछि ठेक्का अंक लाई २ (दुई) किस्तामा बुझाउन सकिन्छ । पहिलो किस्ता को कुल रकम चलन पुर्जि दिने दिन सम्म नगदै र बाकीं किस्ता बराबरको कुल रकम नेपाल राष्ट्र बैंक बाट (क) वर्ग को मान्यता प्राप्त बैंक को कम्तिमा १ (एक) वर्ष म्याद भएको बैंक जमानी पत्र वा ठेक्का अंकको कुल रकम नगदै यस नगरपालिका कार्यालयमा बुझाई सकेपछि कबुलियत गराई पट्टा र चलन पुर्जि दिने कार्य हुनेछ ।

८. ठेक्का सम्वन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणवाट हुने हानी नोक्सानी को जिम्मेवारी यस कार्यालयको नभै स्वयं ठेकदारको हुनेछ । स्वीकृत ठेक अंक मा वन्द, हरताल आदि जस्ता कारणवाट कुनै पनि छुट वा मिनहाको दावी गर्न पाईनेछैन ।

९. ठेक्का संग सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु पर्नेछ र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ

१०. सम्पूर्ण किस्ता एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. रित नपुगी , म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१३.पशु हाट बजार क्षेत्र भन्नाले वरुणशर पोखरीको पूर्व दक्षिण कुनाको २०० मिटर भित्र को क्षेत्र हुनेछ ।

१४. यस सम्वन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा यस कार्यालयको आर्थिक प्रशासन शाखा तथा कर शाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१६. न्यूनतम अंक रु.२७,५४,०००।- ( सताईस लाख चौवन हजार मात्र)

अधिकृत छैठौं

निमित प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np